**Amritology, 02-01-2015 Nepali**

## एक परवाना बच्चाहरुको रुहानी शमा (ज्योति) बाबासँग कुराकानी

### पहिलो स्मृति

आँखा खुल्ने बित्तिकै संकल्प गरौं— म आत्मा हुँ । म यस बसुन्धरालाई प्रकाशमय बनाउनका लागि मधुर प्रकाशको घरबाट अवतरित भएको छु ।

### म को हुँ ?

म एक अविनाशी परवाना (पुतली) हुँ । मैले केवल रुहानी शमालाई नै देख्छु र उहाँसँग नै वार्तालाप गर्छु । मेरो स्मृतिमा त सदा एक बाबा, दोस्रो न कोही नै रहन्छ ।

### म कसको हुँ ?

#### आत्माको बाबासँग कुराकानी

मीठे बाबा— गुड मर्निङ्ग । बाबा ! हजुर शमा अविनाशी हुनुहुन्छ र म परवाना पनि अविनाशी हुँ । हजुरप्रति मेरो स्नेह पनि अविनाशी छ ।

#### बाबाको आत्मासँग कुराकानी

मीठे बच्चे ! उठ ! मसँगै बस । आज रुहानी शमा अविनाशी स्नेह लिएर तिमी परवानाहरुसँग भेट्नको लागि यस महफिलमा आउनुभएको छ । जसले यस स्नेहलाई पहिचान गरेर जिम्मेवारीलाई निभाउँछन्, उनीहरुलाई सर्व प्राप्ति स्वतः हुन लाग्छ । यस रुहानी प्यारको अनुभव स्नेही सम्बन्ध निर्वाह गर्ने जिम्मेवारीलाई पनि सहज बनाइदिन्छ ।

#### बाबाद्वारा प्रेरणा

आफ्नो मनलाई सबै कुराबाट हटाएर बाबामा लगाऊ । बाबा हुनुहुन्छ शान्तिका सागर । यस शान्तिमा मैले बाबाबाट प्रेरणायुक्त एवं पवित्र सेवाको संकल्प लिइरहेको छु ।

### बाबाद्वारा वरदान

सूक्ष्म वतनमा मीठा बाबाका सामुन्ने मेरो फरिश्ता स्वरुप स्पष्ट देखिइरहेको छ । बडो प्यार र शक्तिशाली दृष्टिद्वारा बाबाले मलाई बरदान दिइरहनुभएको छ—

*तिमीले जानिसकेका छौ— सारा कल्पमा यस्तो सुनौलो दिन आउने छैन । यस संगमयुगको सुनौलो अवसर लिएर तिमी बाबाद्वारा मिलेका खजाना र हर सेकेण्डलाई कार्यमा लगाउँछौ । यसैले तिमी समर्थवान र सदा विजयी बन्दछौ ।*

## बेहदको सूक्ष्म सेवा- आखिरी १५ मिनेट

बाबाद्वारा प्राप्त यस वरदानलाई आफ्नो शुभ संकल्पद्वारा, वरदाता बनेर, मैले पूरा विश्वलाई दान दिइरहेको छु । आफ्नो फरिश्ता ड्रेस पहिरिएर म विश्व भ्रमण गर्दै सबै आत्माहरुलाई यो वरदान दिइरहेको छु ।

## राती सुत्नु भन्दा पहिला

आवाजको दुनियाँ भन्दा पर गएर आफ्नो अवस्थालाई स्थिर बनाऔं । चेक गरौं— आज मैले दिन भरमा कुनै कुराको अवज्ञा त गरिनँ ? यदि गरेको भए बाबालाई बताऔं । कसैको मोह या आकर्षणमा बुद्धि त फँसेन ? आफ्नो कर्मको चार्ट बनाऔं । ३० मिनेटको योगद्वारा कुनै पनि गलत कर्मको प्रभावबाट स्वयम्लाई मुक्त गरौं । आफ्नो दिललाई सफा र हल्का बनाएर सुतौं ।